# प्रभु येशूको असफल भएको आश्चर्यकर्म



# प्रभु येशूको असफल भएको आश्चर्यकर्म

*‘अनि कुनै एक दिनमा यस्तो भयोः प्रभु येशूले शिक्षा दिइरहनुभएको बेलामा गालील र यहूदियाको हरेक ठाउँबाट अनि यरूशलेमबाट फरिसीहरू र व्यवस्थाका शिक्षकहरू आएर उहाँको नजिकै बसिरहेका थिए। अनि तिनीहरूलाई निको पार्न परमप्रभुको शक्ति त्यहाँ हाजिर थियो। अनि हेर, मानिसहरूले एकजना पक्षाघात भएको मानिसलाई ओछ्यानमा ल्याउँदैथिए। अनि तिनीहरूले उसलाई भित्र ल्याउन र उहाँको सामु राख्न कोशिश गरे। तर जब भीड़को कारणले तिनीहरूले*

*उसलाई भित्र ल्याउन कुनै उपाय पाउन सकेनन्, तब तिनीहरू यस घरको छानामाथि चढ़े, र तिनीहरूले उसलाई ओछ्यानमै झिँगटीहरूको बीचबाट मानिसहरूको माझमा येशूको सामु ओरालिदिए। अनि तिनीहरूको विश्वास देखेर उहाँले उसलाई भन्नुभयो: "मानिस, तिम्रा पापहरू तिमीलाई क्षमा भए।" अनि शास्त्री र फरिसीहरूले यसो भन्दै विवाद गर्न लागे: "ईश्वर-निन्दा गर्ने यो को हो? किनकि एकजना पापहरू क्षमा गर्न सक्नुहुन्छ; अनि परमेश्वरबाहेक अरू कसैले पनि पापहरू क्षमा गर्न सक्दैन।" तर तिनीहरूका विचारहरू चाल पाएर येशूले तिनीहरूलाई जवाफ दिँदै भन्नुभयो: "तिमीहरू आफ्नो हृदयमा किन वाद-विवाद गर्छौ? कुनचाहिँ कुरा सजिलो छ? 'तिम्रा पापहरू तिमीलाई क्षमा भए' भन्नु कि 'उठेर हिँड़' भन्नु? तर मानिसका पुत्रलाई पृथ्वीमा पापहरू क्षमा गर्ने अधिकार छ भन्ने कुरा तिमीहरूलाई थाहा होस् भनेर" उहाँले पक्षाघात भएको मानिसलाई भन्नुभयो: "म तिमीलाई भन्छु, उठ, आफ्नो ओछ्यान उठाऊ र घर जाऊ!" अनि तुरुन्तै ऊ तिनीहरूको सामु उठ्यो, र त्यो ओछ्यान, जसमाथि ऊ पस्रिरहेको थियो, उठाएर परमेश्वरको महिमा गर्दै घरतिर लाग्यो। अनि सबैजना छक्कै परे, र परमेश्वरलाई महिमा दिएर "ओहो, आज हामीले कति अनौठा कुराहरू देखेका छौं" भन्दै तिनीहरू डरले भरिए।'*

*लूका ५:१७-२६*

हामीले हालैमा परमेश्वरको वचनमा पढ़ेको खण्डमा जब यो उक्त घटना घट्यो, तब प्रभु येशूको सेवकाई भर्खरै शुरु भएको थियो। तर उहाँको कीर्ति सारा इलाकाभरि फैलिएको थियो। किनकि उहाँले तिनीहरूका सभाघरहरूमा शिक्षा दिनुहुन्थ्यो; अनि सबै मानिसहरूबाट उहाँले प्रशंसा पाउनुभयो। मानिसहरू उहाँको शिक्षामा छक्क परे; किनकि उहाँको वचन अधिकारसहितको थियो। यस सिलसिलामा उक्त दिन एउटा विशेष दिन थियो; किनकि त्यस दिनमा फरिसीहरू र मोशाको व्यवस्थाका शिक्षकहरूसित प्रभु येशूको पहिलो भेट भयो। किनभने यस दिनमा गालील र यहूदियाको हरेक ठाउँबाट, साथै यरूशलेमबाट पुरानो नियमको शिक्षामा पोख्त भएका यी धर्म-शास्त्रीहरू उहाँको प्रवचन सुन्न आएका थिए। अनि आज हामी यस भेटघाटको विषयमा एक-दुई कुरा विचार गर्दै जान्छौं। किनभने के.जे.वी. अङ्ग्रेजी-बाइबल र ती.बी.एस. नेपाली-बाइबलमा यसो लेखिएको छः '*तिनीहरूलाई* निको पार्न परमप्रभुको शक्ति त्यहाँ हाजिर थियो।' यस वाक्यबाट के बुझिन्छ भने, प्रभु येशूले यी फरिसीहरू र धर्म-व्यवस्थाका शिक्षकहरूको जीवनमा एउटा अद्भुत काम, एउटा अनुग्रहको काम गर्न चाहनुभएको रहेछ। तिनीहरूलाई निको हुन आवश्यक परेको थियो; किनकि आफ्नो विषयमा र प्रभु येशूको विषयमा तिनीहरूको विचारधारणा सरासर गलत थियो। हो, तिनीहरूको शरीरमा कुनै पक्षाघात रोग लागेको थिएन, तर तिनीहरूको गलत विचारले तिनीहरूलाई आत्मिक हिसाबले पक्षवाती तुल्याएको थियो र परमेश्वरको सम्बन्धमा

तिनीहरूलाई पूरा निस्क्रिया र असक्षम बनाएको थियो। अनि यही कारणले आज प्रभु येशूको पाठ खास गरी तिनीहरूको निम्ति थियो।

अनि यस बखतमा हाम्रो ध्यान आकर्षण गर्ने कुरा के घट्यो त ? प्रभु येशूले यी धर्मशास्त्रीहरूलाई शिक्षा दिनुभएको बेलामा चारजना मानिसहरूले एकजना पक्षाघातको रोगीलाई उहाँकहाँ ल्याउन कोशिश गरे। तर उहाँकहाँ जाने बाटो मानिसहरूले छेकेका हुनाले तिनीहरूले यस रोगीलाई प्रभु येशूकहाँ पुऱ्याउने अनौठो उपाय अपनाए। तिनीहरू यस घरको कौसीमा चढ़े; तिनीहरूले झिँगटीहरू खोले र यस रोगीलाई त्यहाँबाट झारेर प्रभु येशूको सामु राखिदिए। यस कुरामा प्रभु येशूले तिनीहरूको सक्रिय विश्वास देख्नुभयो, तिनीहरूको यो विश्वास कदर गर्नुभयो र तिनीहरूको निम्ति एउटा अचम्मको काम गर्नुभयो। यसकारण बुझ्नुहोस्ः प्रभु येशूले हामी मानिसहरूबाट खोज्नुभएको पहिलो कुरा हाम्रो विश्वास हो। विश्वासविनै हामीले परमेश्वरलाई कुनै हालतमा पनि खुशी तुल्याउन सक्दैनौं (हिब्रू ११ः६)। जोसुकै मानिस होस्, जब ऊ सृष्टिकर्ता परमेश्वरकहाँ आउँछ, तब उसले साँचो परमेश्वरमाथि विश्वास गरेको हुनुपर्छ र उहाँबाट केही आशिष पाउँछु भन्ने कुरा पनि विश्वास गर्नुपर्छ। तर यी धर्मशास्त्रीहरूले प्रभु येशूबाट केही आशिष पाउने आशा गरेकै थिएनन्। किनकि तिनीहरू आफूमा र आफ्नो धर्ममा पूरा सन्तुष्ट भएका थिए। यो तिनीहरूको पहिलो गल्ती थियो।

अनि ती चारजना मानिसहरूमा उहाँमाथिको विश्वास देखेर प्रभु येशूले यस रोगीलाई भन्नुभयोः 'हे पापी मानिसहो, तिम्रा पापहरू तिमीलाई क्षमा भए।' अनि यो सुन्नासाथ यी शास्त्रीहरू के साह्रै झन्केर आए। के तिनीहरूले प्रभु येशूमा आफ्नो प्रतिस्पर्धी देखेर केवल उहाँमा र उहाँको शिक्षामा, त्यो आफ्नो सिद्धान्तसित दाँजीकन कुनै न कुनै गल्ती भेट्टाउन बसेका थिए; हाम्रो दृष्टिमा यस्तै देखिन्छ। किनकि तुरुन्तै तिनीहरूले उहाँमा ईश्वर-निन्दा गरेको दोष भेट्टाइहाले। तिनीहरूको विचारमा परमेश्वरबाहेक अरू कसैले पनि मानिसका पापहरू क्षमा गर्न सक्दैनथियो। अनि यो विचार धर्मशास्त्रको दृष्टिकोणले हेरेर सायद ठीक थियो। तर के तिनीहरू प्रभु येशूबाट कुनै नयाँ शिक्षा ग्रहण गर्न तयार थिएनन्? तिनीहरू संसारको सर्वोत्तम गुरु र शिक्षकको सामु उपस्थित थिए, तिनीहरूले उहाँको प्रवचन सुन्दैथिए, तर तिनीहरूले यो जानेनन्, कसरी? तर तिनीहरूले सिक्नुपर्ने दोस्रो कुरा यस प्रकारको थियोः प्रभु येशूसँग पापी मानिसहरूलाई पापको क्षमा दिने अधिकार छ। अनि यही कुरा कति साँचो र सत्य थियो, सो उहाँले अब तिनीहरूलाई यस आश्चर्यकर्मद्वारा देखाउँदै हुनुहुन्थ्यो; किनकि उहाँले यस पक्षाघात लागेको रोगीलाई भन्नुभयोः 'उठ, आफ्नो ओछ्यान उठाऊ र घर जाऊ!' तब तत्कालै यी धर्मशास्त्रीहरूका आँखाको सामु यो रोगी उठ्यो; उसले आफ्नो ओछ्यान उठायो; अनि ऊ घर गयो। परमेश्वरको महिमा गर्दै ऊ घरतिर लाग्यो। ऊ कति खुशी थियो! ऊ परमेश्वरप्रति कति धन्यवादी भयो!! हामी यो कसरी जान्दछौं? उसको प्रतिक्रियाले यो

जनायो, यो देखायो। अनि यो आश्चर्यकर्म देख्ने सर्वसाधरण मानिसहरूको बारेमा कसो हो? यो अचम्मको काम देखेर तिनीहरू सबैजना छक्क परे; अनि तिनीहरूले परमेश्वरलाई महिमा दिए; अनि तिनीहरू परमेश्वरको डरले भरिए। तर यी धर्मशास्त्रीहरूबाट जस्तै हुनुपर्नेथियो, त्यस्तै कुनै प्रकारको खास प्रतिक्रिया भएन। किन? किनभने तिनीहरू आफ्नो धार्मिक ज्ञानमा र आफ्नै सिद्धान्तमा बाँधिएका थिए। तिनीहरू न आफ्नो विषयमा, न प्रभु येशूको विषयमा नयाँ कुरा सिक्न तयार भए, यद्यपि तिनीहरूको सामु तिनीहरूलाई उच्च शिक्षा दिनुहुने परमेश्वरको पुत्र हुनुहुन्थ्यो। अनि तिनीहरूले उहाँमाथि विश्वास गर्न सकेनन्। यसकारण तिनीहरूको जीवनमा प्रभुले कुनै आश्चर्यकर्म गर्न सक्नुभएन। यसमा प्रभु येशूको कुनै गल्ती थिएन; यसमा परमेश्वरको शक्तिको कुनै कमी भएको पनि थिएन। यो बिलकुल तिनीहरूको हृदयमा गाँड़िएको अविश्वासको फल थियो। तर जुन कुरा तिनीहरूले ग्रहण गर्न सकेनन्, त्यो कुरा बिलकुल साँचो थियोः प्रभु येशूसँग हाम्रा सबै पापहरू हामीलाई क्षमा गर्ने अधिकार छ। किनभने उहाँ यसको निम्ति यस संसारमा आउनुभएको हो। यसकारण प्रभु येशूको नाम पुकार्नुहोस्, र पापको क्षमा पाउनुहोस्!

हाम्रा प्रभुको नाम येशू हो; किनभने उहाँ यस संसारको मुक्तिदाता हुन यस धरतीमा आउनुभएको हो (लूका २:१०-११)। उहाँले नै हामीजस्तै पापी मानिसहरूलाई हाम्रा पापहरूबाट मुक्त गर्नुहुन्छ (मत्ती १:२१)। किनभने आजको दिनसम्म हाम्रा जीवित प्रभुले पापी मानिसहरूलाई खोज्दै हुनुहुन्छ

र बचाउनुहुन्छ। हामी यसको निम्ति प्रत्यक्ष साक्षी हौं। अनि यो पाठ यी धर्मशास्त्रीहरूले अझ सिक्नु थियो। किनकि लूका ५:२७-३२ पदको खण्डमा यसो लेखिएको छः

*'अनि यी कुराहरू भएपछि उहाँ त्यहाँबाट निस्कनुभयो, र उहाँले लेवी नाम भएको एकजना महसूल उठाउनेलाई महसूल उठाउने अड्डामा बसिरहेका देख्नुभयो; अनि उहाँले तिनलाई भन्नुभयोः "मेरो पछि लाग !" तब तिनले सबै कुराहरू छोड़े; तिनी उठे र उहाँको पछि लागे। अनि यी लेवीले उहाँको निम्ति आफ्नो घरमा एउटा ठूलो भोज लगाए; अनि महसूल उठाउनेहरूको र अरू मानिसहरूको एउटा ठूलो भीड़ उपस्थित थियो, जुन मानिसहरू तिनीहरूसँग खानको निम्ति बसेका थिए। तर तिनीहरूका शास्त्री र फरिसीहरूले उहाँका चेलाहरूको विरोधमा यसो भन्दै गनगनाएः "किन तिमीहरू महसूल उठाउनेहरू र पापी मानिसहरूसँग खानपिन गर्छौ हँ?" तब येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयोः "निरोगीहरूलाई होइन, तर रोगीहरूलाई डाक्टरको खाँचो पर्छ। म धर्मी मानिसहरूलाई होइन, तर पापी मानिसहरूलाई पश्चात्ताप गर्न भनी बोलाउन आएको हुँ।" '*

अहँ, यी धर्मशास्त्रीहरूले आफू पापी मानिस भएको कुरा पटक्कै स्वीकार गर्न सक्दैनथिए। तर तिनीहरूको धर्म-नियमले तिनीहरूलाई यही कुरा सिकाउन खोजेको हो, जस्तो लेखिएको छः *'यसकारण धर्म-नियमका कामहरू पालन गरेर कुनै पनि व्यक्ति परमेश्वरको दृष्टिमा धर्मी ठहरिनेछैन; किनकि यस धर्म-नियमद्वारा पाप वास्तवमा के हो, त्यसको ज्ञान पो पाइन्छ'* (रोमी

३:२०)। जुन धर्म-नियम तिनीहरूले अध्ययन गरेका थिए र जुन धर्म-नियममा तिनीहरू उत्तीर्ण भएका शास्त्री भएका थिए, यस धर्म-नियमको नाममा तिनीहरूको सामु एउटा ऐना राखिएको थियो, जुन ऐनाले तिनीहरूलाई तिनीहरूको पापी अवस्था छर्लङ्गै देखाउँदैथियो, तर तिनीहरूले यो देख्न चाहँदैनथिए। तिनीहरूले धर्मको ज्ञान त पाए, तर अहँ, पापको ज्ञान पाएनन्। किनकि तिनीहरूको दृष्टिमा आफू छोड़ेर अरू सबै मानिसहरू पापी थिए; तर तिनीहरू आफै, अहँ, पापी थिएनन्। अनि यही कारण संसारको मुक्तिदाता येशूले तिनीहरूको जीवनमा कुनै आश्चर्यकर्म गर्न सक्नुभएन। तर लेवी एक पापी मानिस थिए, तिनका साथीहरू प्रत्यक्ष रूपले पापी मानिसहरू थिए। अनि तिनीहरूले प्रभु येशूमा परमेश्वरको निगाह पाए। लेवीले पापको क्षमा पाए। परमेश्वरको शक्तिले तिनलाई आत्मिक तवरले निको पाऱ्यो। तिनी एक नयाँ मानिस बने। तिनले प्रभु येशूलाई पछ्याए, र तिनले परमेश्वरको उच्च बोलावटको योग्य जीवन जिउन पाए। यस संसारमा योभन्दा ठूलो कुरा छैन।

यसकारण परमेश्वरको वचनका उक्त खण्डहरूबाट हामीले निम्न कुराहरू सिक्नुपर्छ, जस्तैः

**क)** प्रभु येशूसँग निको पार्ने ईश्वरीय शक्ति छ, जुन शक्ति सधैं हाजिर छ। उहाँसँग हाम्रो शरीरको रोग निको पार्ने शक्ति मात्र होइन, तर उहाँसँग हाम्रो पापको रोग पो निको पार्ने दिव्य शक्ति छ।

**ख)** प्रभु येशूसँग पापको क्षमा दिने अधिकार छ। उहाँले यो अधिकार आफ्नो रक्त-बलिदानद्वारा कमाउनुभएको हो। उहाँको अमूल्य रगत यसको दाम थियो।

**ग)** प्रभु येशूले धर्मी मानिसहरूलाई केही पनि गर्न सक्नुहुन्न; किनभने उहाँ पापी मानिसहरूको मुक्तिदाता हुनुहुन्छ। लेवी नाम भएको मानिसको जीवन परिवर्तन भयो। तिनी महसूल उठाउने व्यक्ति थिए; तर हाम्रो जीवन परिवर्तन भयो। परमेश्वरको शक्ति प्रभु येशूमा हाजिर छ; हामीलाई बचाउन उहाँ सधैं तत्पर रहनुहुन्छ। के उहाँको वचनरूपी ऐनाले यो हामीलाई देखाउँदैन र?

**घ)** उहाँ हामीमा विश्वास खोज्नुहुन्छ; तब उहाँ हाम्रो जीवनमा अद्‌भुत काम गर्नुहुन्छ। यसकारण यस सर्वोच्च शिक्षकलाई तपाईंलाई शिक्षा दिने मौका दिनुहोस्! नयाँ नियममा उहाँको वचन पढ्नुहोस्! उहाँबाट सधैं सिक्ने उहाँको चेला हुने निर्णय गर्नुहोस्, उहाँलाई जीवनभरि पछ्याउनुहोस्! तब तपाईंले निश्चय सबैभन्दा उच्च जीवन, एउटा अर्थपूर्ण जीवन र परमेश्वरको निम्ति लाभदायक जीवन हासिल गर्नुहुनेछ।

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र ‘आशाको किरण’अन्तर्गत हाम्रा रेडियो कार्मक्रमहरू सुन्नहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्ः

www.nbcinepal.org

https://www.nbcinepal.org/

SCAN ME